# फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेडको
# सातौं वार्षिक साधारण सभामा भएका काम कारवाहीको विवरण तथा निर्णयहरु

## १. बैधानिक सभा:

यस लघुवित्त विकास बैंकको सञ्चालक समितिको मिति २०७३ भाद्र २८ गते बसेको ११०औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र लघुवित्त विकास बैंकको नियमावली बमोजिम बोलाइएको सातौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम सातौं वार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय:

मिति: २०७३ आश्विन १९ गते बुधवार (तदनुसार ०५ अक्टोवर, २०१६)
स्थान: अनुपम फूडल्याण्ड, बत्तीसपुतली, काठमाण्डौ ।
समय : विहान ११:०० बजे प्रारम्भ भई १२.३० बजे सम्पन्न ।

## ३. सभाको सूचना:

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार सातौं वार्षिक साधारण सभा हुने, स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागि शेयरधनीहरुको लगतमा रहेको ठेगानामा शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सोही व्यहोराको सार्वजनिक सूचना मिति २०७३/०५/२९ गतेको कारोवार राष्ट्रिय दैनिक र २०७३/०६/०९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । साथै, सञ्चालक समितिले साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु र कम्पनी ऐन, २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुलाई यथा समयमा पठाउने व्यवस्था गरिएको थियो । यसैगरी, लघुवित्त विकास बैंकको *website: www.fmdb.com.np* बाट पनि सूचना सहितको वार्षिक प्रतिवेदन उपलब्ध हुन सक्ने गरी राखिएको थियो ।

## ४. उपस्थिति :-

### (क) सञ्चालकहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री सुरेन्द्र राज रेग्मी (ग्लोबल आइएमई बैंक लि.) | अध्यक्ष |
| २. श्री बामदेव गौली | सञ्चालक |
| ३. श्री युवराज क्षेत्री | सञ्चालक |
| ४. श्री मधुसुदनराज दाहाल | सञ्चालक |
| ५. श्री उमेश कटुवाल | सञ्चालक |

(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-

| | |
|---|---|
| १. श्री गंगा केसी | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. श्री दामोदर रायमाभ्की | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |
| ३. श्री विजय लामा | ,, ,, ,, |
| ३. श्री भेषराज पन्थी | प्रमुख कार्यकारी अधिकृत / कम्पनी सचिव |
| ४. श्री दानराज पन्त | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ५. श्री बाबुराम न्यौपाने | प्रवन्धक |
| ६. श्री विजय शर्मा | वरिष्ठ अधिकृत |
| ७. श्री ज्ञानेन्द्र वाग्ले | वरिष्ठ अधिकृत |

(ग) शेयरधनीको उपस्थितिः-

स्वयम उपस्थिति -१०० जना ।
प्रतिनिधि मार्फत् - ९ जना ।
उपस्थिति प्रतिशत ५९.४७

५ सभामा प्रस्तुत छलफलका विषयहरुः

क) सामान्य प्रस्ताव

१) आर्थिक वर्ष २०७२/७३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको ०.७९ प्रतिशत नगद लाभांश कर प्रयोजनका लागि पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम वर्तमान लेखापरीक्षक श्री एस. आर.पाण्डे एण्ड कम्पनी,चार्टर्ड एकाउन्टेन्टस् पुनः नियूक्ति हुन योग्य हुनुहुन्छ) ।

५) सर्वसाधारण शेयरधनी (समुह 'ख') को तर्फबाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

ख) विशेष प्रस्ताव

६) संचालक समितिबाट प्रस्ताव गरे अनुसार १५ प्रतिशत बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनश शेयर वितरण पछि नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूँजी वृद्धि गर्नका लागि शेयरधनीका नाममा कायम रहेको साधारण शेयर संख्याको २:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो प्रयोजनका लागि आवश्यक काम कारवाही गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७) कम्पनीको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी रु.२३,००,००,००० (अक्षरेपी तेईस करोड) बाट बृद्धि गरी रु.३९,६७,५०,०००(अक्षरेपी उनान्चालीस करोड सतसठ्ठी लाख पचास हजार) पुऱ्याउने ।

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरेर संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध

९) रिक्त सञ्चालकको पदपुर्ति अनुमोदन गर्ने बारे ।

## ६. सभाको बैधानिकता र सभाको अध्यक्षता :

६.१ कम्पनी ऐन, २०६३ तथा लघुवित्त विकास बैंकको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम लघुवित्त विकास बैंकको सातौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या १०० भएको र कुल १३,६७,८९५ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५९.४७ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको, साथै कम्पनी ऐन अनुसार सभा वैधानिक भएकाले रीतपूर्वक साधारणसभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

६.२ लघुवित्त विकास बैंकको नियमावलीमा प्रावधान भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था कम्पनी सचिवले जानकारी गराएपछि विहान ११:०० बजे सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मी ज्यूको अध्यक्षतामा तथा सम्पूर्ण सञ्चालकज्यूहरुको उपस्थितिमा लघुवित्त विकास बैंकको सातौं वार्षिक साधारण सभा आरम्भ भयो ।

## ७. वार्षिक साधारण सभाको प्रस्तुति :

७.१ कम्पनी सचिवज्यूले सभा सञ्चालन गर्नु पूर्व सातौं साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघुवित्त विकास बैंकको तर्फबाट स्वागत एवं अभिवादन गर्नुभयो ।



FMDB

७.२ अध्यक्षज्यूले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आर्थिक वर्ष २०७२।७३ को सञ्चालक समितिको प्रतिवेदन साधारण सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

८. **छलफलका लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु :**

सभामा शेयरधनी महानुभावहरुले लघुवित्त विकास बैंकको वार्षिक प्रतिवेदन, लेखा विवरण आदिमा निम्नअनुसार आफ्नो जिज्ञासा, मन्तब्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.१ शेयरधनी श्री इन्द्रकृष्ण श्रेष्ठज्यूले सातौं साधारण सभा छिटो गर्न सफल भएकोमा धन्यवाद प्रदान गर्दै वार्षिक प्रतिवेदन पनि छिटो उपलब्ध गराउन सुझाव दिनु भयो । साथै, यस लघुवित्त विकास बैंकले १५ प्रतिशत लाभांश मात्र प्रदान गरिरहेकोमा आगामी आर्थिक वर्षमा यसलाई बृद्धि गर्ने तर्फ प्रयास गर्न सुझाव दिनुभयो । त्यसैगरी उहाँले हकप्रद शेयर निष्कासन गर्ने प्रक्रिया छिटो आरम्भ गर्न र लघुवित्त विकास बैंकले आफ्ना ऋणीहरुको मन जित्ने गरी कार्य गर्न सुझाव दिनुभयो ।

८.२ शेयरधनी श्री शिवप्रसाद पौडेलज्यूले यथा समयमा नै साधारण सभा सम्पन्न गर्न सफल भएकोमा धन्यवाद प्रदान गर्नु भयो । साथै, उहाँले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत शेयरधनीका छोराछोरीहरुलाई छात्रवृत्ति प्रदान गर्ने ब्यवस्था गर्न सुझाव दिनु भयो । त्यसैगरी, कार्यरत कर्मचारीहरुको दक्षता अभिबृद्धि गर्न तालिम प्रदान गरिरहनु पर्ने र सकभर शेयरधनीहरुलाई नगदै लाभांश दिने गरी कार्य गर्न सुझाव दिनु भयो ।

८.३ शेयरधनी श्री नवराज सिंखडाज्यूले वार्षिक प्रतिवेदन समयमै दिइसक्नु पर्ने सुझाव दिदै लघुवित्त विकास बैंक भनेको शेयरधनी, संचालक समिति, कर्मचारी र ग्राहकको सामुहिक सम्पत्ति भएको, शेयरधनीले नगद लाभांश र बोनश शेयर मात्र नमागी संस्थाको उन्नति चाहनु पर्ने र कर्मचारीहरुले ग्राहक संतुष्टी हुने गरी कार्य गर्नु पर्ने धारण ब्यक्त गर्नु भयो । साथै उहाँले कर्मचारीहरुलाई समय समयमा तालिम प्रदान गर्नु पर्ने र लक्ष प्राप्तिका लागि रणनीति र कार्यक्रम निर्धारण गरी कार्य गर्न सुझाव दिदै भाखा नाघेको कर्जा शून्य प्रतिशत रहेको र क्रमिक रुपमा नाफा बृद्धि गर्न सफल भएकोमा धन्यवाद प्रदान गर्नु भयो ।

९. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

साधारण सभामा शेयरधनीहरुबाट मन्तब्य राख्ने काम समाप्त भएपछि वक्ता शेयरधनीहरुबाट छलफलको क्रममा राखिएका जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रतिक्रिया व्यक्त गर्दै वक्ता शेयरधनी महानुभावहरुबाट प्राप्त सकारात्मक प्रतिक्रिया, टिप्पणी तथा सुझावका लागि धन्यवाद ज्ञापन गर्दै छलफलका क्रममा वक्ताहरुवाट राखिएका सुझावहरुलाई आगामी दिनमा सकारात्मक ढंगले कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता समेत प्रकट गर्नुभयो ।

सक्रियतापुर्वक छलफलमा सहभागी भई आफ्ना बिचारहरु राखी रचनात्मक सुझावहरु प्रदान गर्नु भएकोमा सवै वक्ता शेयरधनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गरियो । तत्पश्चात साधारणसभामा प्रस्तुत हुने प्रस्तावहरु पारित गर्न अनुरोध गर्दै कम्पनी सचिवज्यूले निम्नानुसार प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नु भयो ।

१०. सभाका निर्णयः

(क) सामान्य प्रस्ताव तर्फ

१) आर्थिक वर्ष २०७२/७३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. १ को विषयमा छलफल हुँदा सञ्चालक समितिको तर्फबाट सातौं वार्षिक साधारण सभामा प्रस्तुत भएको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।**

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. २ को सम्बन्धमा छलफल हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु समेत पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्ने निर्णय गऱ्यो ।**

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको ०.७९ प्रतिशत नगद लाभांश कर प्रयोजनका लागि पारित गर्ने ।

**प्रस्ताव नं. ३ को विषयमा छलफल हुँदा यस बैंकको सञ्चालक समितिको मिति २०७३/५/२८ गते बसेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०७२/७३ सम्मको सञ्चित नाफाबाट आज साधारण सभाको दिनमा कायम रहेका शेयरधनीहरुलाई ०.७९ प्रतिशत अर्थात रु १८,१५,७८९।– नगद लाभांश (लाभांश कर प्रयोजनका लागि) वितरण गर्नका लागि स्वीकृति गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।**

४) कम्पनीको आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम वर्तमान लेखापरीक्षक श्री एस. आर.पाण्डे एण्ड कम्पनी,चार्टर्ड एकाउन्टेन्टस् पुनः नियूक्ति हुन योग्य हुनुहुन्छ) ।

**प्रस्ताव नं. ४ को विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लघुवित्त विकास बैंकको लेखापरीक्षण समितिले लेखापरीक्षक श्री एस. आर. पाण्डे एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) लाई आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण गर्न लेखापरीक्षकको रुपमा नियुक्ति गर्न सिफारिस गरेको हुँदा लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक श्री एस. आर. पाण्डे एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) लाई शुल्क रु.३,३९,०००।– (मुल्य अभिवृद्धि कर सहित रु. तीन लाख उनन्चालीस हजार मात्र) दिने गरी अन्तीम लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कम्पनी ऐनको दफा ५१ र ७८ बमोजिमको विवरण र संक्षिप्त बार्षिक आर्थिक विवरणको प्रमाणिकरण लगायत बार्षिक रुपमा अन्तिम लेखापरीक्षकले सम्पादन गर्ने कार्यहरुको लागि एकमुष्ठ पारिश्रमिकको रुपमा प्रदान गर्ने गरी लेखापरीक्षक**



FMDB

**नियुक्ति गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले उक्त प्रस्तावलाई सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।**

५) सर्वसाधारण शेयरधनी (समुह 'ख') को तर्फबाट ३ जना सञ्चालकहरुको निर्वाचन स्वीकृत गर्ने ।

**प्रस्ताव नं. ५ को सर्वसाधारण शेयरधनी (समूह "ख")का तर्फबाट ३ जना सञ्चालकहरुको निर्वाचन सञ्चालन गर्न "फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि. काठमाण्डौको निर्वाचन निर्देशिका, २०६९" बमोजिम मिति २०७३ भाद्र २८ गते मंगलवारका दिन बसेको सञ्चालक समितिको बैठकबाट नियुक्त हुनुभएका निर्वाचन अधिकृत अधिवक्ता श्री रामचन्द्र सुवेदीलाई निर्वाचित सञ्चालकको घोषणा गर्न अध्यक्षज्यूले समय प्रदान गर्नुभयो । निर्वाचन अधिकृत श्री रामचन्द्र सुवेदीज्यूले निर्वाचन अधिकृतको कार्यालयको कार्यक्रम अनुसार ३ जना सञ्चालकको आवश्यक पदमा ३ (तीन) जना मात्र उम्मेदवारी परेकाले उम्मेदवारहरु श्री यूवराज क्षेत्री, श्री बामदेव गौली र श्री गोर्खाज् फाइनान्स लि. लाई सर्वसाधारण शेयरधनी (समूह "ख")का तर्फबाट आगामी ४ वर्षको अवधिका लागि संचालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।**

**ख) <u>विशेष प्रस्ताव तर्फ</u>**

६) संचालक समितिबाट प्रस्ताव गरे अनुसार १५ प्रतिशत बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा बोनश शेयर वितरण पछि नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूँजी वृद्धि गर्नका लागि शेयरधनीका नाममा कायम रहेको साधारण शेयर संख्याको २:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो प्रयोजनका लागि आवश्यक काम कारवाही गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**प्रस्ताव नं. ६ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा संचालक समितिबाट प्रस्ताव गरे अनुसार १५ प्रतिशत बोनस शेयर वितरण गर्न सर्वसम्मतिले स्वीकृत गऱ्यो । त्यसैगरी, बोनश शेयर वितरण पछि नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूँजी वृद्धि गर्नका लागि शेयरधनीका नाममा कायम रहेको साधारण शेयर संख्याको २:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो प्रयोजनका लागि आवश्यक काम कारवाही गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गऱ्यो ।**

७) कम्पनीको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी रु.२३,००,००,००० (अक्षरेपी तेईस करोड) बाट बृद्धि गरी रु.३९,६७,५०,००० (अक्षरेपी उनन्चालीस करोड सतसठ्ठी लाख पचास हजार) पुऱ्याउने ।

**प्रस्ताव नं. ७ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघुवित्त विकास बैंकको प्रबन्धपत्रको निम्नानुसार दफा संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो :**

<u>प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख), (ग) मा संशोधन :</u>

(क) लघुवित्त विकास बैंकको अधिकृत पुंजी रु.३९,६७,५०,०००।–(उनन्चालीस करोड सतसठ्ठी लाख पचास हजार) हुनेछ । सो पुंजीलाई प्रतिशेयर रु. १०० दरका ३९,६७,५०० (उनन्चालीस लाख सतसठ्ठी हजार पाँच सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

FMDB

(ख) लघुवित्त बिकास बैंकको तत्काल जारी गर्ने शेयर पुँजी रु.३९,६७,५०,०००।–(उनन्चालीस करोड सतसठ्ठी लाख पचास हजार) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका ३९,६७,५०० (उनन्चालीस लाख सतसठ्ठी हजार पाँच सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) लघुवित्त विकास बैंकको तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु.३९,६७,५०,०००।–(उनन्चालीस करोड सतसठ्ठी लाख पचास हजार) हुनेछ ।

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरेर संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**प्रस्ताव नं. ८ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघुवित्त विकास बैंकको संशोधित प्रबन्धपत्रका दफाहरु तथा नियमावलीका नियमहरु अभिलेख तथा प्रमाणित गराउने सम्वन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरेर संशोधित प्रबन्धपत्र तथा नियमावलीलाई थप परिमार्जन गर्न र साधारण सभाको निर्णयको आवश्यक कार्यान्वयन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो ।**

**ख) विविध प्रस्ताव तर्फ**

९) रिक्त संचालकको पदपूर्ति अनुमोदन गर्ने सम्बन्धमा :

**विविध प्रस्तावका सम्बन्धमा यस फर्स्ट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लिमिटेडको संस्थापक शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने रिक्त सञ्चालक पदमा संस्थापक शेयरधनी श्री उमेश कटुवाल ज्यूलाई बाँकि अवधिका लागि नियुक्त गर्ने गरी मिति २०७३ आषाढ १९ गते बसेको सञ्चालक समितिले गरेको निर्णय अनुमोदन गरियोस् भनी अध्यक्षज्यूबाट सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गऱ्यो ।**

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

यस साधारण सभामा अन्य छलफलका विषय वस्तुहरु नभएकाले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । साथै, अध्यक्षज्यूको अनुमति अनुसार कम्पनी सचिवले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु, आमन्त्रित व्यक्तिहरुका साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंकको सातौं वार्षिक साधारणसभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो र साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

...................... 
भेषराज पन्थी
कम्पनी सचिव

FMDB

......................
सुरेन्द्रराज रेग्मी
अध्यक्ष